# लिच्छविकालीन दावाकोट

-शङ्करमान राजवंशी

बलम्बु इन्द्रमती खोलाको किनारमा रहेको अंशुवर्मसंवत् १२९ (वि.सं. ७३८) को अभिलेखमा द्वितीय शिवदेवले सरकारी कर्मचारीलाई सम्बोधन गरी पुत्ती नारायणसंग सम्बन्धित दावाकोटमा फलञ्जुविष्टि (कर) नलाग्ने गरी शीताटीद्रङ्गनिवासीलाई भोगचलन गर्ने अधिकार दिएको कुराको बोधार्थ दिइएको उल्लेख छ। जुन दावाकोट पहिलेदेखि राजकुलले लगातार भोगचलन गरी आएको थियो भन्ने कुरा पनि सो अभिलेखमा उल्लेख गरिएको छ। जस्तै—


"परमभट्टारक महाराजाधिराज श्री शिवदेव: कुशली नेपाल भुक्तौ यथास्वमधिकारानधिष्ठित: सर्वराजपुरुषां स्तद्वृत्तिभुजश्च यथार्हङ्कुशलमभिधाय समाज्ञापयति विदितमस्तु भवतां यथा पुत्तीनारायणदेवकुलप्रतिबद्ध दावाकोट्टाभिधानो ग्राम: पूर्वं ... द्राजकुलेनाविच्छेदक्रमेणोपभुज्यमान इत्यवगम्यास्माभिरिदानीमयङ् ग्राम: कोट्टमर्यादोपपन्नश्चाटभटानामप्रवेश्येन फलञ्जुविष्ट्या च विनिर्मुक्त: सतलशीताटीद्रङ्गनिवासिन: पालनोपभोगार्थं प्रसादीकृतो"

[प्रथमा आसम रहेका परमभट्टारक महाराजाधिराज श्री शिवदेवबाट नेपाल भुक्तिभित्र आफ्ना आफ्ना अधिकारमा रहेका सबै सरकारी अधिकारीहरूलाई र सरकारी वृत्ति खानेहरूलाई पनि यथोचित कुशल मङ्गल सोधेर आज्ञा भएको छ। तिमीहरूलाई थाहा होस्।]

पुत्तीनारायणदेवमन्दिरसंग सम्बन्ध रहेको दावाकोट्ट भन्ने ग्राम पहिले राजकुलद्वारा लगातार भोगचलन गरी आएको भन्ने थाहा पाएर अहिले हामीबाट यो ग्राम कोट्टको स्थिति बन्देजले युक्त भएको चाटभटले पस्न नपाउने फलञ्जुविष्टि नलाग्ने गरीकन तलसहितको शीताटीद्रङ्गको बासिन्दाहरूलाई हेरचाह र भोगचलनको लागि निगाह गरिएको छ।

(धनवज्रको लिच्छविकालका अभिलेख ५३०–३३ पृष्ठ)

शीताटीद्रङ्ग कहाँ थियो भन्ने बारे निर्देशनको लागि थानकोट आदिनारायण मन्दिरसगै रहेको लिच्छवि संवत् ४२८ (वि.सं. ५४१) को अभिलेखमा वसन्तदेवले आफ्नी बहिनी जयसुन्दरीलाई दिइएको थानकोट भेगको जयपल्लिका ग्रामको एरियाभित्र शीताटी गुल्म परेको र बलम्बु चौकीटारको लिच्छवि संवत् ४८२ (वि.सं. ५९५) को गणदेव भौमगुप्तको अभिलेखमा स्थानीय शीताटीतल टेग्वल ग्रामका बासिन्दालाई सम्बोधन गरी लिग्वल माप्चोक अधिकरण पस्न नपाउने सनद गरिदिएको कुराको उल्लेख हुनाले शीताटीद्रङ्ग थानकोट बलम्बु भेगतिर थियो भन्ने थाहा हुन्छ जसलाई जयपल्लिका ग्रामको


ऐतिहासिक दवाकोटको स्थल
N
वज्रजोगिनी
पाशिखेल
साँखु
गोकर्ण
नयाँपाटी
गोठीमुले
नगरकोट
गुह्येश्वरी
पशुपति
नीलवाराही
कोटेश्वर
ठिमी
भक्तपुर
हनुमन्ते नदी
भ
क्त
पु
र
नाला
साँगा
पुरानत्व विभाग
1 0 1 2

–चार किल्लाले पुष्टि गरिदिएको छ।

बलम्बु इन्द्रमती खोलाको किनारामा रहेको द्वितीय शिवदेवको अभिलेखमा दावाकोटको पहिलेको चार किल्ला दिइएको छ जुन चार किल्लामा पर्ने दावाकोट पहिलेदेखि राजकुलले लगातार भोगचलन गरिआएको थियो। सो चार किल्ला यस प्रकार छ—

''सीमा चास्य प्राक्तनी आरामखरप्रदेशे शोभनाम्लाम्रवृक्षाद् दक्षिणपश्चिमतः पाण्डुरमृत्तिकास्रोतसश्च दक्षिणपश्चिमेन यावद्धिमनदीस्रोत उत्तीर्य किञ्चिदारुह्य स्वकीयां एव सीमान वेष्टयित्वा गवां लवण दानस्था ···· दक्षिणालिकासमीपे आम्र वृक्षस्तत्पश्चिमतो लुल्जुस्रोत समुत्तीर्य दायम्वी गम्पोनृदिन्दावाकोट्ट सीमामध्ये त्रिसन्धिसंज्ञक. प्रदेश स्तस्योत्तरतः पुत्तीनदी तस्या एवोपरिष्टाद यावत्पुत्तीयवदुनदीसङ्गमस्तमुत्तीर्य किञ्चिदारुह्य च प्राच्या किशि न क्षेत्रस्योत्तरतः सीम्नो यावत्सलम्बूराजवासकस्योत्तरेण न स्रोतो बृहत्शालवृक्षस्तत्पूर्वदक्षिणतः माषवृक्षस्तत्पूर्वतोऽपि राजवासके पानीयारोपित एवोपभिधि सिस्तीखोट्टक्षेत्रोत्तरेणाम्रपादपस्तत्पूर्वतोऽपि गोल्लंस्रोतसोधस्ताद् यावद् गौतमाश्रमसरित्सङ्गमस्तस्य चाधस्तादुत्थिमनदीसम्वेद्यस्तामवतीर्यारूह्य च दग्दङ्गु वृहत्पथस्य त्रिसन्धिसंज्ञकात्पश्चिमेनारूह्य किञ्चित्पालणस्य च दक्षिणतो बृहद्वनं तद्दक्षिणतोऽपि वस्तुं क्षेत्र तस्यैव दक्षिणेन चम्पकवृक्षस्तद्दक्षिणपश्चिमतश्च स एव शोभनाम्लाम्रवृक्ष इत्येत त्सीमान्त.पातिन्यस्मिन् ग्रामे',

[यस ग्रामको पहिलेको सीमा यस प्रकारको छ—आरामखर भन्ने ठाउँमा राम्रो अमिलो आँपको रूखबाट दक्षिणपश्चिमपट्टि सेतो माटो (कमेरो) को सोतोबाट पनि दक्षिणपश्चिमपट्टि हिमनदीको सोतो तरी केही उकालो लागी आफ्नै सीमालाई घुमेर आई गाईलाई नून खुवाउन राखिएको ठाउँ ··· को दक्षिण आली साँध नजीकै रहेको आँपको रूख त्यताबाट पश्चिमपट्टि लुल्जुसतो तरी दायम्वी गम्पोनृदिङ् दावाकोट्टको सीमाको बीचमा त्रिसन्धि भन्ने ठाउँ त्यसको उत्तरतिर पुत्तीनदी त्यसैको माथितिर पुत्तियवदुनदीको दोभान त्यसलाई तरी केही उकालो लागी पूर्वतिर किशि ···· नखेतको उत्तरतिरको सीमादेखि सलम्बु राजवासको नजीकै उत्तरतिर न सोतोनिरको ठूलो शालको ···· रूख त्यसको पूर्वदक्षिणतिर माशको रूख त्यसको पूर्वतिर राजवासमा लगिएको पानीको सोतो उपभिधि सिस्तीखोट्ट खेतको नजीकै उत्तरतिर आँपको रूख त्यसको पूर्वतिर गोल्संसोतोको तलतिर गौतमाश्रम र खोलाको दोभान त्यसको तलतिर उत्थिमनदी सम्वेद्य त्यसलाई नाघेर उकालो लागी 'दगडङ्गु'को मूल सडकको त्रिसन्धि भन्ने ठाउँबाट पश्चिमतिरबाट केही उकालो लागी पालणको दक्षिणतिर वस्तुं खेत त्यसको नजीकै दक्षिणतिर चाँपको रूख त्यसको दक्षिणपश्चिमतिर त्यही राम्रो अमिलो आँपको रूख। यति चार किल्ला भित्रको यो ग्राममा]

(लिच्छविकालका अभिलेख ५३१-३३ पृष्ठ)

यस चार किल्लामा आरामखर भन्ने ठाउँको अमिलो आँपको रूखदेखि शुरू गरी दावाकोट किल्लाको वरिपरी घुमी त्यही आँपको रूखमा ल्याएर टुंग्याएको छ। यसरी वरिपरीको सीमा बताउँदै लगेको हुनाले ठाउँ पत्ता लगाउन ठूलो आधार मिलेको छ। बलम्बु इन्द्रमती खोलाको किनारमा रहेको अभिलेखमा पुत्तीनारायणसंग सम्बन्धित दावाकोटको उल्लेख हुनाले सो दावाकोट भवाट्ट हेर्दा बलम्बु भेगतिर थियो कि भन्ने देखिन्छ। तर सरकारी कर्मचारीलाई बोधार्थ दिइएको अभिलेख हुनाले दावाकोट अन्तै थियो भन्ने पनि हुन सक्छ। किनभने काठमाडौं यङ्गालहिटीको अंशुवर्मसंवत् ६७ (वि.सं. ६७७) को नरेन्द्रदेवको अभिलेखमा नरेन्द्रदेवले मानेश्वर र भुवनेश्वरको हेरचाह गर्न दक्षिणकोलीग्रामद्रङ्गलाई तीन ओटा विर्ता सुम्पिदिंदा शिवग्वलदेवमन्दिरको हेरचाह गर्न शीताटीतल पनि सुम्पिदिएको कुरा छ। त्यस कारण उपत्यकाको नक्सा हेरी विचार गर्दा पुत्तीनारायणसंग सम्बन्धित दावाकोट भन्नाले चाँगुनारायण डाँडाको तल रहेको

दुवाकोटलाई पुष्टि गरेको देखिन्छ । पुत्तीनारायण भन्नाले चाँगुनारायणलाई बताएको देखिन्छ । पूत शब्दको पुत्ती-नारायण बनेको होला भन्ने अनुमान हुन्छ । त्यसको अर्थ विचार गर्दा पवित्रनारायण भन्ने देखिन्छ । उक्त नारायणको नैमितिक पूजा गरी बचेका पैसाले पशुपतिनाथमा छत्र चढाई त्यस उपलक्ष्यमा राम्रो यात्रा पनि गर्नू भनी उक्त इन्द्रमती खोलाको अभिलेखमा उल्लेख गरेको छ। चाँगुनारायणको वर्षेनी जात्रा पनि चल्ने हुनाले उक्त कुरालाई पुष्टि गर्छ। अब उक्त अभिलेखमा दिइएको चार किल्लाबाट ठाउँको तुलरात्मक विचार गरिन्छ।

आरामखर भन्ने ठाउँको अमिलो आँपको रूख भन्नाले चाँगुडाँडाको तल पूर्वपट्टि रहेको खरीपाटीलाई पुष्टि गर्दछ । त्यसदेखि दक्षिणपश्चिमपट्टि सेतो माटोको सोतो भन्नाले सेराफाँटलाई पुष्टि गर्दछ । त्यसबाट पनि दक्षिणपश्चिमपट्टि हिमनदी भन्नाले सेराफाँट भई बगेको खोलालाई पुष्टि गर्दछ । त्यो नदी तरी केही उकालो लागी गाईलाई नून खुवाउने ठाउँ आउँछ, त्यसको दक्षिण आलीको साँध पर्छ. त्यताबाट पश्चिमपट्टि लागि लुल्जु सोतो तर्दा दायम्वी गम्पोनुदिङ दावाकोट्टको सीमाको त्रिसन्धि आउँछ भन्नाले लाकचोकबाट बगेर आएको खोला तरी पश्चिम लाग्दा दुवाकोट जाने बाटो लाकचोक जाने बाटो भक्तपुर जाने बाटो यी तीन बाटोको दोभान आउँछ । उक्त त्रिसन्धिले यस दोभानलाई पुष्टि गर्दछ। त्यसको उत्तरतिर पुत्तीनदी र त्यसको माथितिर पुत्तियवडुनदी भन्नाले दुवाकोटबाट झरेको खोला र चाँगुडाँडाबाट झरेको खोलालाई पुष्टि गर्दछ । त्यसको दोभानलाई तरी त्यसको पूर्वपट्टि किशि खेतको सीमा आउँछ भन्नाले चाँगुडाडा र मनहरा संगमसम्म पश्चिम सीमाको जग्गालाई पुष्टि गर्छ। यो भयो दक्षिणी सीमा।

अब उत्तर सीमापट्टि सलम्वुवासको नजीकै उत्तरतिर नदीको सोतोनिरको ठूलो शालको रूख भन्नाले मनहरानदीको माथि रहेको कुर्थलीको पूर्वपट्टि सलम्बु भन्ने ठाउँ छ, सलम्बुवासले त्यसलाई पुष्टि गर्दछ। त्यसको उत्तरतिर नदीको सोतो पनि स्पष्टै देखिन्छ । त्यसको पूर्वदक्षिण लाग्दा राजवासमा लगिएको पानीको सोतो उपमिधि सिस्तीखोट्ट आउँछ भनेको छ । उक्त सिस्ती खोट्ट भन्ने ठाउँले साँखुलाई पुष्टि गर्छ । त्यहाँबाट पूर्वतिर लाग्दा गोल्सं सोतो आउँछ भनेको छ । मनहरा र सालीनदीको दोभानको तलतिर रहेको गौसुली भन्ने ठाउँले गोल्सं सातोलाई पुष्टि गर्छ । त्यसको तल गौतमाश्रम र खोलाको दोभान आउँछ भन्नाले साली नदी र मनहराको दोभानलाई पुष्टि गर्छ । त्यसको तल उत्थिम नदीको सगमलाई तरेर उकालो लाग्दा दण्डंगुको मूल सडकको त्रिसन्धि आउँछ भनेको छ। दण्डगुल दोलाद्रि चाँगुडाँडालाई पुष्टि गर्छ। त्यसको माथि रहेको मूलसडकको त्रिसन्धिले तेलकोटभञ्ज्याङको बाटोलाई पुष्टि गर्दछ । त्यहाँबाट दक्षिण—पश्चिम लाग्दा उही पहिलेको आरामखर भन्ने ठाउँको अमिलो आँपको रूख आउँछ भनेको छ । तेलकोटभञ्ज्याङबाट दक्षिण-पश्चिमतिर लाग्दा उही खरीपाटो आइपुग्छ। यो कुरो उपत्यकाको नक्सा हेरे स्पष्ट देखिन्छ।

बलम्बु इन्द्रमती खोलाको किनारामा रहेको द्वितीय शिवदेवको अभिलेखमा उल्लिखित दावाकोटको चार किल्लाबाट मनहराको दोभानमा गौतमाश्रम थियो भन्ने र साँखुमा राजवास थियो भन्ने थाहा हुन्छ। यहाँ उल्लिखित राजवासले राजा बस्ने दरवारलाई संकेत गर्दछ। आजसम्म थाहा भएका लिच्छविकालीन राजदरवारहरूमा मानगृह, कैलासकूटभवन, भद्राधिवासभवन छन् । मानगृह दक्षिणराजकुलमा पर्ने र कैलासकूट हाँडीगाउँमा पर्ने देखिएको छ । त्यस कारण उत्तरपूर्वी थेगमा पर्ने यो राजवासले भद्राधिवासलाई पुष्टि गर्दछ ।

भद्राधिवासभवन लिच्छवि राजा नरेन्द्रदेवले बनाएका हुन् । यस भद्राधिवासभवनको उल्लेख पाटन च्यासल टोलको अंशुवर्मसंवत् ९५ (वि.सं. ७०४) देखि आएको छ। राजा नरेन्द्रदेवले भद्राधिवासभवनबाट आदेश जाहेर गरेका अभिलेखहरूमा अंशुवर्मसंवत् १०३ (वि० सं० ७१२) सम्मका पाइएका छन् ।

पाटन च्यासलटोल नायःहिटीको अंशुवर्म संवत् १३७ (वि०सं० ७४६) ज्येष्ठको अभिलेखमा द्वितीय जयदेवले प्रासादमण्डलभित्रको कोट्टको व्यवस्था गरिदिएको कुरा छ। त्यस कोट्टको पनि चार किल्ला सीमा दिइएको छ । जुन प्रासादमण्डलभित्रको कोट्ट दोलाशिखर (चाँगु) को पूर्वोत्तरमा परेको देखाइएको छ । उक्त प्रासादमण्डलले पनि भद्राधिवासभवनलाई पुष्टि गर्दछ।

चाँगुको प्रथम शिवदेवको अभिलेखमा राजकुलले भोगचलन गरिआएको कोट्ट भन्ने मात्र उल्लेख भएको हुनाले त्यस वेला दरवार बनेको थिएन भन्ने बुझिन्छ । द्वितीय शिवदेवको अभिलेखमा राजवासको उल्लेख र द्वितीय जयदेवको अभिलेखमा प्रासादमण्डलको उल्लेख हुनाले सो उल्लिखित दरवार नरेन्द्रदेवको भद्राधिवास हुनु धेरै संभव छ।

चाँगुनारायणको गरुडको पछाडि रहेको शिवदेव अंशुवर्माको अभिलेखमा शिवदेव प्रथमले स्थानीय गुंदिमक ग्राममा बस्ने मुखिया लगायत गृहस्थीलाई सम्बोधन गरी हाम्रा पुर्खाले रीझ वापत भोगचलन गर्न दिइएको कोट्ट अंशुवर्माको निवेदन अनुसार दक्षिणराजकुल र पुण्डी राजकुलको जग्गासंग सट्टापट्टा गरो सनदपत्र गरिदिएको कुरा छ। जुन कोट्टको चार किल्ला दिइएको सीमाले साँखुभेगलाई देखाएको छ । यस कोट्टले बलम्बु इन्द्रमती खोलाको किनारमा रहेको अभिलेखमा उल्लिखित दावाकोटलाई पुष्टि गरेको छ। किनभने पहिलेदेखि राजकुलले भोगचलन गरिआएको भनी बलम्बु अभिलेखमा जुन उल्लेख गरेको छ, त्यो कुरा चाँगुको गरुडको पछाडि रहेको अभिलेखमा वर्णित कुरासंग ट्वाक्क मिल्छ । त्यस कारण पुत्तीनारायणसंग सम्बन्धित दावाकोट भन्नाले चाँगुनारायण डाँडाको तल पश्चिमपट्टि रहेको दुवाकोटलाई पुष्टि गर्दछ।

बलम्बु इन्द्रमती खोलाको द्वितीय शिवदेवको अभिलेखमा यो दावाकोटको सीमा पहिलेको भन्दा ठूलो भइसकेको देखाएको छ। त्यसको सीमा निम्न लिखित बमोजिम दिइएको छ। जस्तै—

"एष च ग्रामः फत्रङ्ग्रामस्य दक्षिणपश्चिमेन गंप्रोन् दिङ्ग्रामस्यापि पश्चिमोत्तरेण गणिद्रङ्ग्रामस्य चोत्तर पूर्वतो नुपुनग्रामस्यापि दक्षिणपूर्वेणामीषाञ्चतुर्णाङ् ग्रामाणां सीमा सत्वोमालम्बासंज्ञके प्रदेशे समावासयितव्य"

[यो ग्राम फत्रङ्ग्रामको दक्षिण—पश्चिममा, गंप्रोदिङ्ग्रामको पश्चिमउत्तरमा गणिदुङ्ग्रामको उत्तरपूर्वमा, नुपुनग्रामको दक्षिणपूर्वमा रहेको छ । यो चार ग्रामको साँध सत्वोमालम्बा भन्ने ठाउँमा टुंग्याउनू ।]

(लिच्छविकालका अभिलेख, ५३१–३३ पृष्ठ)

यहाँ दावाकोट भन्ने ठाउँ फत्रङ्ग्रामको दक्षिण-पश्चिममा पर्छ भनेको छ । फुजेल टारको गाउँबाट दुवाकोट दक्षिण-पश्चिम पर्ने हुनाले फत्रङ्ग्रामले फुजेलटारलाई पुष्टि गर्छ। दावाकोट भन्ने ठाउँ गंप्रोदिङ्ग्रामको पश्चिम उत्तरमा पर्छ भनेको छ। भक्तपुरबाट दुवाकोट पश्चिम–उत्तरमा पर्ने हुनाले गंप्रोदिङ्ग्राम भक्तपुरमा पर्थ्यो भन्ने अनुमान हुन्छ। भक्तपुरमा माषोपृङ् खृपुङ आदि ग्राम छन्। दावाकोट भन्ने ठाउँ गणिदुङ्ग्रामको उत्तर-पूर्वमा पर्छ भनेको छ। गुंदुगाउँबाट दुवाकोट उत्तर पूर्वमा पर्ने हुनाले गणिदुङ्ग्रामले गुंदुगाउँलाई पुष्टि गर्दछ । दावाकोट भन्ने ठाउँ नुपुनग्रामको दक्षिणपूर्वमा पर्छ भनेको छ। गोकर्णबाट दुवाकोटदक्षिण—पूर्वमा पर्ने हुनाले नुपुनग्राम गोकर्णको आसपासमा पर्थ्यो भन्ने अनुमान हुन्छ । अभिलेखमा दिइएका चार किल्लाका नामहरूमा कतिपय नाम मिल्दो किसिमले पाइएको हुनाले दावाकोट भन्ने किल्ला भक्तपुर जिल्लामा थियो भन्ने देखिन्छ जसको साँध सीमा खाँखुसम्म पुगेको छ । त्यसभित्र कोल्पाकोट गजरकोट चण्डकोट आदि कोटहरू थिए। अद्यापि तत्स्थानको नाम उक्त कोटको नामले बोलिन्छ। त्यस सीमा भित्र डुमाखाल भन्ने ठाउँ छ । त्यस डुमाखालको आसपासमा थ्यालवुटोल भन्ने ठाउँछ । तिब्बती भाषामा थ्यालवु भनेको राजधानीलाई भन्दछन् । त्यहाँ भग्नावशेषहरू उपलब्ध हुनाले त्यसले पनि प्राचीन दरबार थियो भन्ने पुष्टि गर्छ।